# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बुङचुङ, धादिङ
### ३ नं. प्रदेश, नेपाल

# सिद्धलेक गाउँपालिकाभित्रको क्षेत्रवाट निकासीहुने ढुङ्गा, गिट्टी, वालुवा, वेस, चिप्सको निकासी शुल्कको वोलपत्र फारम

**सूचना प्रकाशन भएको मिति :** २०७५ भाद्र ६
**बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय :** २०७५ आश्विन ४ गते १७:०० बजे सम्म
**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :** २०७५ आश्विन ५ गते १२:०० बजे सम्म
**बोलपत्र खोलिने मिति र समय :** २०७५ आश्विन ५ गते १३:०० बजे

**बोलपत्र खरिद गर्ने तथा पेश गर्ने स्थान :** सिद्धलेक गाउँ कार्यपालिकाको कार्यालय,
बुङचुङ, धादिङ

बोलपत्र फारम दस्तुर रु : ५०००।- (पाँचहजार मात्र)

**बोलपत्र पेश गरिएको कार्यालय**

सिद्धलेक गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ

**बोलपत्र दाताको विवरण**
फर्मको नाम : ...............................................
ठेगाना : ................................................

सम्पर्क फोन नं. : ....................................................

# सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**बुङ्चुङ, धादिङ**

## आ.व. ०७५/०७६ को लागि आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी सिलवन्दी वोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।५।६**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ घ (६) तथा प्रदेश आर्थिक विधेयक, २०७५ को दफा ८ (१) को अनुसुची ५ मा भएको व्यवस्था अनुसार सिद्धलेक गाउँ कार्यपालिकाको आर्थिक ऐन २०७५ को दफा १७ को अनूसूची १४ बमोजिम आन्तरीक आय संकलन गर्नु पर्ने भएकोले राजस्व परामर्श समितिको सिफारीस र सिद्धलेक गाउँ कार्यपालिकाको निर्णय अनुसार आ.व. २०७५/०७६ को ठेक्का सम्फौता भएको मितिदेखि २०७६ आषाढ मसान्त सम्म को लागि देहाय वमोजिमको नदी किनारबाट आन्तरिक आय ठेक्का वन्दोवस्त गर्न गाउँ पालिकावाट तोकिएको दररेटमा क्रसरबाट उत्पादन भई निकासी हुने माल बस्तुहरु तथा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित सिद्धलेक पट्टीको त्रीशुली नदी किनारहरु खैरेनीटार, त्रीशुली १, त्रीशुली ३, विहानी पम्प, छहरा, गजुरी, पीपलटार १, पीपलटार २ र आदमघाट क्षेत्रहरुवाट स्वीकृत परिमाण भन्दा वढि उत्खनन् नहुने गरी रोडा, ढुंगा, वालुवा, ग्राभेल निकासी बिक्री शुल्क संकलनको ठेक्का लिन ईच्छुक (मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७४/०७५ सम्मको फर्म नवीकरण, आ.व. २०७३/०७४ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म वा कम्पनीवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र वोलपत्र खरिद गरी पेश गर्न यो ३० दिने सूचना प्रकासित गरिएको छ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी वोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्र सम्वन्धी अन्य विवरण गाउँ कार्यपालिको web site : www.siddhalekmun.gov.np वा वोलपत्र फाराममा खुलाइएको व्यहोरा सूचित गरिन्छ ।

| सि. नं. | ठेक्का नं. | ठेक्काको किसिम | संकलन तथा सेवा शुल्क कर उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७५/७६ का लागि कायम वार्षिक न्यूनतम अंक (मु.अ. कर वाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | राजस्व १०/०७५/०७६ | ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, स्लेट, विछ्याउने ढुङ्गा निकासी कर तथा विक्री शुल्क संकलन कार्य । | **निकासीकर विक्री शुल्क** ढुङ्गा , गिट्टी, वालुवा, रोडा, ग्राभेल, प्रति क्यू फिट ९।००, नौ रुपैया, आन्तरिक सेवा शुल्क तथा विक्री दस्तुर प्रति क्यू फिट ६।००, छ रुपैया | २,००,००,०००।- (दुई करोड रुपैया मात्र) | ५०००।- | कवोल अंकको ५ (पाँच) प्रतिशत |

**नोट :-**यस सम्बन्धमा विस्तृत विवरणको लागि यस कार्यालयको वेवसाईड www.siddhalekmun.gov.np मा हेर्न सकिने छ ।

**वैंकको नाम :** राष्ट्रिय वाणिज्य वैंक धादिङ बेंसी शाखा, धादिङ
**वैंक खाता नं. :** १०३०३०३००७१०५ (धरौटीको लागि)

**वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति :** २०७५/६/४
**वोलपत्र दर्ता अन्तिम मिति :** २०७५/६/५ दिनको १२:०० वजेसम्म
**वोलपत्र खोल्ने मिति :** २०७५/६/५ दिनको १ :०० वजे

## शर्तहरु :

१. बोलपत्र फारमसाथ धरौटी वापत कवोल अंकको पाँच प्रतिशतले हुने जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक धादिङ बेंसी शाखामा रहेको धरौटी खाता नं. १०३०३०३००७१०५ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्टबैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ । रित पूर्वक निवेदन दिई बोलपत्र फारम रकम फिर्ता नहुने गरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ । अथवा PPMO को WEBSITE: www.bolpatra.gov.np/egp बाट प्रकृया पुर्याई E-Bidding गर्न सकिनेछ र E-bidding मार्फत बोलपत्रमा सहभागि हुने बोपत्रदाताहरुले बोलपत्र फारम दस्तुर बापतको रकम यस कार्यायको रा.बा. बैंक धादिङ शाखामा रहेको संचित कोष खाता नं. १०३०३०४०१८१०५ मा जम्मा गरि सो को भौचर समेत स्क्यानिङ्ग गरि अपलोड गर्नु पर्नेछ ।

२. E-Bidding गर्ने बोपत्रदाताहरुले बोलपत्र खोलेको ७ दिन भित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा बुझाई सक्नुपर्नेछ अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिईनेछैन ।

३. ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ ।

४. ठेकेदारले वन प्राकृतिक वातावरण (भू-संरक्षण तथा वातावरणीय संतुलन) लाई हानी नोक्सानी नहुने गरी त्रिशुली नदीको तोकीएको स्थानबाट ग्रावेल, ढुङ्गा, गिट्टी र वालूवा झिकी यस गाउँ पालिका वाहिर लैजान सक्ने र गाउँ पालिकाभित्र व्यापारिक तथा निजी तथा सरकारी काममा प्रयोग हने ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल र रोडाका समेतमा गाउँपालिकाको हकमा विक्री शुल्क मात्र र गाउँपालिका वाहिर निकासी हुँदा निकासी कर र विक्रि शूल्क समेत उठाउन पाइने छ ।

५. खानी तथा क्रसरको हकमा नियम संगत दर्ता भएको खानी तथा क्रसर मात्र सञ्चालन हुने भएकोले ति उद्योगहरुबाट उत्पादित निर्माण सामाग्रीमा मात्र कर लिन पाईने छ ।

६. निजि जग्गाबाट निस्कने कच्चा पदार्थ घाट गद्दी गर्दा प्रसोधन नभएसम्म गाउँपालिका भित्र विक्री शुल्क लिन नपाउने तर उद्योगहरुबाट प्रशोधित भई उत्पादित माल वस्तुमा निकासी तथा विक्री दस्तुर लिन पाईने छ ।

७. पूल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलवाट दुबैतर्फ तोकिएको ५०० मिटरसम्म ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल र रोडा निकाल्न पाईने छैन ।

८. ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल र रोडा आदि सामाग्रीको कारोवार गर्दा बालश्रमको प्रयोग गर्ने र वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाईने छैन ।

९. सरकारी कार्यालयबाट लगाइने ठेक्का पट्टामा प्रयोग हुने ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल र रोडामा कर वा शूल्क नलाग्ने भनि सम्भौतामा उल्लेख भै यस कार्यालयको स्वीकृत पत्र प्राप्त भएकोमा वाहेक अन्य ठेक्का पट्टामा निकासी कर वा बिक्री शुल्क उठाउन पाईनेछ ।

१०. कार्यालयले सम्भौता गर्दाका वखत ठकेदारलाई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) प्रतिबेदनको प्रतिलिपि उपलब्ध गराइने छ । ठेकेदारले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) वा उल्लेखित प्रवधान विपरित प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न पाईनेछैन । साथै बन्द हडताल आदिका कारण केहि दिन काम सूचारु नभएको अवस्थामा समेत कुनै पनि क्षति पूर्ति दावी गर्न पाइने छैन ।

११. बोलपत्र स्वीकृत गर्न आसयको सुचना प्राप्त गरी निर्धारण समयमा कार्यालयमा सम्भौता गरी सक्नु पर्नेछ । तोकिएको समयभित्र सम्भौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

१२. बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ३३ प्रतिशत रकम बुझाई सम्भौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि वार्षिक कवोल अंकको ६७ प्रतिशत बराबर रकमको २०७६ कार्तिक मसान्त सम्म मान्य अवधि भएको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

१३. ठेक्काको बाँकी दुई किस्ता रकम क्रमशः पहिलो किस्ता पौष मसान्त, दोश्रो किस्ता २०७६ बैशाख मसान्त भित्र बुझाइसक्नु पर्नेछ ।

१४. ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा तोकेको संकलन केन्द्रमानै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईने छैन ।

१५. बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको नाम सिद्धलेक गाऊँ कार्यपालिका भनि प्रष्ट बुझ्ने गरी लेख्नु पर्नेछ र वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१६. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

१७. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१८. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून स्थानीय सरकार ऐन २०७४ बमोजिम हुनेछ ।

१९. यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

२०. मार्वल, कृषि तथा कृषिजन्य उद्योगमा प्रयोग हुने चुनढुङ्गामा कर लिन पाईने छैन ।

२१. नेपाल सरकार प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२२. विषेश अवस्थामा सूचनामा उल्लेखित सर्त समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

२३. सूचना सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेवसाईड www.siddhalekmun.gov.np मा समेत हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत